# स्थानीय राजपत्र

**शैलुङ गाउँपालिकाद्वारा प्रकाशित**

खण्डः ३)　　　　संख्याः ०६,　　　　१० चैत्र, २०७६


# भाग–२

**शैलुङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय काटाकुटी दोलखा**
**बागमती प्रदेश, नेपाल**

## "शैलुङ गाउँपालिकाको शिक्षानीति, २०७६"

**<u>प्रस्तावनाः</u>** शैलुङ गाउँपालिकाले गुणस्तरीय शिक्षा मार्फत गाउँबासीको जीवन स्तरलाई सुधार गरी सुखी र सम्पन्न नागरिक बनाउनका लागि शिक्षानीति, २०७६ लागु गर्ने निर्णय गरेको छ।

**१. पहुंचकालागि**

- बालविकास उमेर समूहका सबै बालबालिकालाई बालविकास कार्यक्रममा सहभागी गराइनेछ।
- विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गरी गुणस्तरीय शिक्षा प्रदान गरिनेछ ।
- साहारा बिहीन बालबालिकालाई आवासीय विद्यालय बनाइनेछ वा आवश्यकता अनुसार अन्यत्र भएका विद्यालयमा पठाउने प्रबन्ध गरिनेछ ।

**२. गुणस्तरकालागि**

- शिक्षक तथा कर्मचारीहरुलाई परिणाममुखी, उत्तरदायी र पेशागत रुपले सक्षम बनाइनेछ।
- शिक्षा समितिको नेतृत्वमा उपसमितिहरु बनाई प्रत्येक महिना विद्यालयको अनुगमन गरी तदानुसार शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, विद्यार्थी र कर्मचारी पुरस्कृत गर्ने, सघाउने र गुणस्तर सुनिश्चित गर्ने प्रबन्ध मिलाइने छ।
- विद्यार्थीलाई पढाईबाट सिकाईमा स्थानान्तरण गर्ने व्यवस्था मिलाइनेछ।
- बालबालिकाहरुको विद्यालयमा निरन्तरताका लागि मासिक रुपमा हाजिरीको लेखाजोखा प्रणालीको अवलम्बन गरिनेछ।
- साप्ताहिकरुपमा शिक्षकले, मासिक रुपमा प्रधानाध्यापकले र त्रैमासिक रुपमा गाउँपालिकाले विद्यार्थीको मूल्याङ्कन गरी उपचारात्मक शिक्षण प्रद्धति अवलम्बन गरिनेछ।

**३. अभिभावक परिचालनका लागि**

- प्रत्येक विद्यालयले अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्नेछन्।
- अभिभावकहरुले बेलाबखतमा कक्षालिने तथा अन्य कार्यमा सघाउने प्रवन्ध मिलाइने छ।

**४. निजी विद्यालयको व्यवस्थापनका लागि**

- लगानीको संरक्षण गर्दै निजी विद्यालयहरुलाई अनुगमन र नियमन गरी उनीहरुलाई सेवामुखी बनाइनेछ।

## ५. दलित, विपन्न र अपांगता भएका वालवालिकाको लागि

- दलित, अपांगता भएका र विपन्न विद्यार्थीहरुलाई उच्च शिक्षा सम्म निःशुल्क पठनपाठनको व्यवस्था मिलाउनकालागि गाउँपालिकामा कोष खडा गरिनेछ।

## ६. मातृ भाषामा शिक्षा दिनका लागि

- मातृ भाषा तथा लिपिको संरक्षण, मातृ भाषामा शिक्षा, मातृ भाषाको शिक्षा तथा मातृ भाषा मार्फत शिक्षाको प्रबर्धन गरिनेछ।

## ७. वाल स्वास्थ र सुरक्षाका लागि

- स्वास्थ्य केन्द्र, हेल्थपोष्ट आदिको सहकार्यमा प्रति ३ महिनामा विद्यार्थीको स्वास्थ्य परीक्षण गर्ने प्रबन्ध मिलाइनेछ।

## ८. साक्षरता र आजीवन शिक्षाका लागि

- आगामी दुई वर्षमा सबैलाई साक्षर बनाउँदै आजीवन शिक्षाका लागि वडा पिच्छे पुस्तकालय र उलपब्ध सामुदायिक सिकाइ केन्द्रलाई परिचालन गरिनेछ । प्रत्येक वडामा कम्तिमा एउटा पुस्तकालय सहितको बाल उद्यान निर्माण गरिनेछ।

## ९. व्यवहारिक, वैज्ञानिक तथा व्यवसायिक शिक्षाका लागि

- स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञको सहयोगमा माध्यमिक तह सम्मको शिक्षा प्रविधियुक्त, सीपयुक्त, निःशुल्क, बालमैत्री र समावेशी गराइनेछ।
- परम्परागत सीपहरुको आधुनिकीकरण गर्दै त्यसमा भएका ज्ञान तथा सीपहरुको अध्ययन गरी पठनपाठन गर्ने प्रबन्ध मिलाइनेछ । परम्परागत सीपलाई स्थानीय पाठ्यक्रमसँग समायोजन गरिनेछ।
- स्थानीय तहमा उपलब्ध सीपयुक्त व्यक्ति वा संस्थाको सहयोगमा इच्छुक विद्यार्थीहरुलाई सीप सिकाउने तथा उद्यमीकरण गर्न प्रवन्ध मिलाइने छ।

## १०. लगानीका लागि

- शिक्षा क्षेत्रको विकासका लागि कम्तिमा २० प्रतिशत लगानी गरिनेछ ।
- बैचारिक भिन्नताका विषयमा संवाद गरी विद्यालयलाई शान्ति क्षेत्र बनाइनेछ ।

## ११. भौतिक पूर्वाधारका लागि

- शिक्षक, प्रधानाध्यापक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति र गाउँपालिका सबैको सहकार्यमा सबै विद्यालयमा संग्रहालय, पुस्तकालय र प्रयोगशालाको व्यवस्था गरिनेछ।
- विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा भुकम्प प्रतिरोधी बनाइनेछ । विपदबाट बच्नकालागि बालबालिकाहरुलाई नमूना अभ्यास गराइनेछ।

**प्रमाणिकरण मिति : ०६ चैत्र, २०७६**

**आज्ञाले,**
**रामकुमार महतो**
**प्रमुख प्रशासकीय अधिकृत**